मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २३३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ असार २६ गते आइतवार (Sunday, July 10. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

**सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं।**

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुंगी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- इन्टेक(मूल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने ट्यांकी नियमित रुपमा सफा गरौं ।
- घर वा सार्वजनिकस्थलका पानी ट्यांकी, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



संखुवासभाको खाँदबारी नगरपालिका–१ स्थित टुँडीखेलमा बेच्न राखिएको असला माछाका पेरुङ्गो । प्रति पेरुङ्गो १ हजार रुपैयाँदेखि २ हजारसम्म किनबेच हुन्छ । **तस्वीर : भविन कार्की/ रासस**

आव सकिन ६ दिन बाँकी

# १० खर्ब ७० करोड राजश्व संकलन

**झापा, असार २५।** चालू आर्थिक वर्ष सकिन अब केही दिन मात्रै बाँकी रहेको भए पनि अपेक्षितरूपमा राजश्व सङ्कलन हुन सकेको छैन । सरकारको दैनिक हिसाब-किताब राख्ने महालेखा नियन्त्रक कार्यालयका अनुसार हालसम्म कूल रु. १० खर्ब ७० करोड ४१ लाख बराबर राजश्व सङ्कलन भएको छ ।

चालू आव सकिन अब एक साता बाँकी छ । सरकारले चालू आवमा कूल रु. ११ खर्ब ८० अर्ब ६० करोड चार लाख बराबर राजश्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । कार्यालयका अनुसार हालसम्म कूल लक्ष्यको ८४.७६ प्रतिशत बराबर राजश्व सङ्कलन भएको छ ।

त्यसमा कर राजश्व कूल रु. नौ खर्ब २६ अर्ब ५० करोड ७० लाख बराबर सङ्कलन भएको छ । यो कूल लक्ष्यको ८६.७५ प्रतिशत बराबर हो । चालू आवमा रु. १० खर्ब ६७ अर्ब ९६ करोड २५ लाख बराबर कर राजश्व सङ्कलन गर्ने लक्ष्य राखेको छ । बाँकी रहेको अवधिभित्र कर राजश्व तोकिए बराबर नै सङ्कलन हुने सरकारको विश्वास छ ।

त्यस्तै गैरराजश्व रु. एक खर्ब १२ अर्ब ६२ करोड ७९ लाख बराबर सङ्कलन गर्ने लक्ष्य राखेकामा हालसम्म रु. ७४ अर्ब १९ करोड ७१ लाख बराबर सङ्कलन भएको छ । यो कूल लक्ष्यको ६५.८७ प्रतिशत बराबर हो ।

कार्यालयका अनुसार सरकारले रु. ५९ अर्ब ९१ करोड ९९ लाख बराबर अनुदान प्राप्त हुने अपेक्षा गरेकामा रु. १३ अर्ब ८८ करोड ३३ लाख बराबर प्राप्त भएको छ । कूल लक्ष्यको २३.१७ प्रतिशत बराबर हो । सबै विवरणका आधारमा हेर्दा सरकारले चालू आवको हालसम्म अर्थात् (असार २५ गते) आजसम्म कूल लक्ष्यको ८५.३३ प्रतिशत बराबरको प्राप्त गरेको छ ।

त्यस्तै सरकारको खर्चतर्फ कूल लक्ष्यको ७४.३३ बराबर खर्च भएको छ । त्यसमा सबैभन्दा बढी खर्च चालू खर्च रहेको छ । चालू आवका कूल रु. १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ करोड बराबरको बजेट खर्च गर्ने लक्ष्य राखेको छ । त्यसमध्ये हालसम्म रु. १२ खर्ब १२ अर्ब ११ करोड ५२ लाख बराबर खर्च भएको छ । त्यसमा चालू खर्चतर्फ रु. १० खर्ब ६५ अर्ब २९ करोड ३९ लाख बराबरको खर्च गर्ने लक्ष्य राखेकामा हालसम्म रु. नौ खर्ब ३८ अर्ब २० लाख बराबर खर्च भएको छ । यो भनेको कूल लक्ष्यको ८८.०५ प्रतिशत बराबर हो ।

यस्तै पूँजीगत खर्च कूल लक्ष्यको ४६.२२ प्रतिशत बराबर भएको छ । विकास निर्माणका काम प्रभावकारी बन्न नसकेका कारण पुँजीगत खर्चमा उल्लेख्यरूपमा बढोत्तरी हुन नसकेको देखिन्छ । सरकारले रु. तीन खर्च ७८ अर्ब नौ करोड ७७ लाख बराबरको पुँजीगत खर्च गर्ने लक्ष्य राखेकामा हालसम्म रु. एक खर्ब ७४ अर्ब ७५ करोड ४२ लाख बराबर खर्च भएको छ ।

यस्तै सरकारले नियमितरूपमा भुक्तानी गर्नुपर्ने ऋणको साँवा र ब्याज भुक्तानीका लागि विनियोजन गरेको वित्तीय व्यवस्थातर्फ लक्ष्यको ५२.४५ बराबर खर्च गरेको छ । चालू आवमा रु. एक खर्ब ८९ अर्ब ४३ करोड ७६ लाख बराबरको बजेट वित्तीय व्यवस्थातर्फ गरेको छ । त्यसमध्ये हालसम्म रु. ९९ अर्ब ३५ करोड ९० लाख बराबर भुक्तानी गरेको छ ।

सरकारको तर्फबाट आगामी आवको बजेट प्रस्तुत गर्दा चालू आवमा कूल सरकारी खर्च रु. १४ खर्ब ४७ अर्ब ५१ करोड अर्थात् ८८.६ प्रतिशत हुने संशोधित अनुमान प्रस्तुत गरिएको छ । कूल सरकारी खर्चमध्ये चालू खर्च रु. नौ खर्ब ७१ अर्ब ८६ करोड अर्थात् ९१.२ प्रतिशत, पूँजीगत खर्च रु. तीन खर्ब नौ करोड अर्थात् ७९.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. एक खर्ब ७५ अर्ब ५६ करोड अर्थात् ९२.७ प्रतिशत खर्च हुने संशोधित अनुमान प्रस्तुत गरिएको छ ।

कोभिड-१९ महामारीको विषम परिस्थितिकाबीच हालसम्मको राजश्व सङ्कलन अवस्था सन्तोषजनक रहेको छ । चालू आवमा राजश्व परिचालन लक्ष्यको हाराहारीमा नै रही रु. ११ खर्ब ५२ अर्ब ४२ करोड सङ्कलन हुने अनुमान छ । जुन अघिल्लो आवको तुलनामा १८ प्रतिशतले बढी हो ।

चालू आव वैदेशिक सहायतातर्फ अनुदान रु. २४ अर्ब ८१ करोड र ऋण रु. एक खर्ब ७२ अर्ब ८८ करोड परिचालन हुने संशोधित अनुमान छ । चालू आवमा रु. दुई खर्ब ३१ अर्ब ३० करोड आन्तरिक ऋण परिचालन हुने अवस्था छ ।

## बिर्तामोडका होटलमा प्रहरीको छापा

**बिर्तामोड, असार २५।** लामो समयपछि प्रहरीले बिर्तामोडका होटलमा छापा मारेर यौनजन्य गतिविधिमा संलग्न भएका ९ जनालाई पक्राउ गरेको छ ।

होटलमा हुने यौनजन्य गतिविधि रोक्न प्रहरीले होटलमा छापा मारेको हो । प्रहरीले ९ जनालाई पक्राउ गरे पनि ७ जनालाई मात्रै मुद्दा दायर गरेको छ । दुई जना बिर्तामोडस्थित एक होटलमा उपचाररत् रहेकाले उनीहरुलाई छाडिएको बताइएको छ । बिर्तामोड-१स्थित पश्चिम वसस्ट्याण्डका विभिन्न होटलहरूमा दिउँसै यौनधन्दा हुने गरेको जनगुनासो बढेपछि इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले शनिवार छापा मारेको थियो ।

प्रहरीले अन्धुवा खोला नजिकको एभरेस्ट होटलबाट सात जना र सूर्योदय टोलस्थित एक घरबाट दुई जनालाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ । पक्राउ परेकाहरू यौनधन्दामा संलग्न रहेको जनाइएको छ । पक्राउ पर्ने युवतीहरू २०देखि ३० वर्षका भएको र उनीहरू बिर्तामोड, भद्रपुर र हल्दिवारीका रहेको प्रहरीले जनाएको छ ।

राजमार्ग आसपासका होटलहरूमा खुलेआम यौनधन्दा सञ्चालन हुँदा समेत प्रहरी प्रशासन मौन बसेको स्थानीयको गुनासोपछि प्रहरी बल्ल एक्सनमा उत्रिएको स्थानीयको भनाइ छ । यौनधन्दा सञ्चालन गर्ने साना होटेलमा प्रहरीले छापा मारेर काम देखाए पनि ठूला तथा नाम चलेका होटलहरूमा भने प्रहरीले अहिलेसम्म छापा मार्न नसकेको गुनासो पनि स्थानीयले गरेका छन् ।

## श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

**पाँचथर, असार २५।** आफ्नै श्रीमती ३५ वर्षीया निला राईलाई कुटपिट गरी हत्या गरेको अभियोगमा फिदिम नगरपालिका-१४ बुर्दुम बस्ने ४० वर्षीय राजकुमार राईलाई प्रहरीले पक्राउ गरेको छ ।

राजकुमारले घरायसी विवादको क्रममा असार १७ गते कुटपिट गर्दा गम्भीर घाइते भएकी निलाको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचारको क्रममा शुक्रबार मृत्यु भएको थियो । उनको मृत्युको खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी चौकी तमाखे रानिटारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## सहाराको सञ्चालक समितिद्वारा पदभार ग्रहण

**झापा, असार २५।** झापाको चारपानेमा मुख्य कार्यालय रहेको सहारा नेपालको नव निर्वाचित पदाधिकारीहरुले पदभार ग्रहण गरेका छन् ।

कार्यालयमा शनिवार आयोजित कार्यक्रमकाबीच नवनिर्वाचित अध्यक्ष हरि राजवंशीसहितका पदाधिकारीले पदभार ग्रहण गरेका हुन् । प्रदेश सरकारका भूमि व्यवस्था तथा सहकारी मन्त्री ओमप्रकाश सरावगीको प्रमुख आतिथ्य तथा संस्थाका कार्यवाहक अध्यक्ष हरिप्रसाद निरौलाको अध्यक्षतामा कार्यक्रम आयोजना गरिएको थियो ।

संस्थाको चारवर्षे कार्यकालका लागि एक महिनाअघि सहाराको नेतृत्व चयन भएको थियो । सर्वसम्मतको प्रयासमा नेतृत्व चयन लम्बिने भएपछि संस्थाले आकांक्षीमध्येबाट अध्यक्ष छानेर सञ्चालक समितिको



प्रारुप तयार पारेको थियो । कार्यक्रममा कार्यकारी निर्देशक महेन्द्रकुमार गिरिले संस्थाको वित्तीय प्रगतिका विषयमा प्रकाश पार्दै चलिरहेका कार्यक्रमबारे अवगत गराएका थिए । दुई बर्षको अन्तरालमा संस्थाले नयाँ नेतृत्व पाएको कार्यकारी प्रमुख गिरीले बताए । आर्थिक संकटको विषम परिस्थितिमा पनि संस्थासँग १२ प्रतिशत अर्थात एक अर्ब २५ करोड तरलता रहेको कार्यकारी प्रमुख गिरीले जानकारी दिए । सहाराको १३ अर्ब २२ करोड कर्जा लगानी छ ।

एमाले राजनीतिक पृष्ठभूमि भएका नवनिर्वाचित अध्यक्ष राजवंशी संविधानसभाको सदस्य पनि हुन् । समितिको वरिष्ठ उपाध्यक्षमा हरिप्रसाद निरौला छन् । अध्यक्ष ताराप्रसाद सञ्जेलको निधन भएपछि निरौलाले

*(बाँकी अन्तिम पृष्ठमा)*

## अवैध सुपारीसहित सवारी साधन बरामद

**झापा, असार २५।** झापाको मेचीनगर नगरपालिका-५ स्थित तिरिङ-काँकरभिट्टा सडकखण्डबाट प्रहरीले अवैध सुपारीसहित सवारी साधन बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी गस्ती टोलीले काँकरभिट्टातर्फ आउँदै गरेको मे.१च ४९८० नम्वरको पिकअप गाडी चेक जाँच गर्दा करिव ७ सय केजी अवैध सुपारी अन्दाजी २ लाख ८८ हजार ४ सय रुपैयाँ मूल्य बराबरको बरामद गरेको हो ।

बरामद गरिएको उक्त सुपारी, सवारी साधन र चालक ४८ बर्षीय दानबहादुर पोखरेल समेतलाई आवश्यक कारवाहीको लागि आन्तरिक राजस्श्व कार्यालय इटहरी सुनसरीमा बुझाइएको प्रहरीले जनाएको छ ।

## ‘नाइरोबी फ्लाई’ डरलाग्दो रोग होइन: चिकित्सक

**झापा, असार २५।** झापामा विगतको तुलनामा ‘नाइरोबी फ्लाई’ नामक किराको सङ्क्रमण बढे पनि डरलाग्दो अवस्था भने नभएको बताइएको छ ।

हेर्दा डढुवा वा जनैखटिरोजस्तो देखिए पनि नाइरोबी फ्लाइकै लक्षण भएको जनाउँदै मेची अञ्चल अस्पतालका वरिष्ठ छाला रोग विशेषज्ञ डा. केशव ढकालले यस्तो सङ्क्रमण हरेक वर्षात्को मौसममा देखिने छालाको एलर्जी मात्र भएको



बताए । उनले यो समस्या भाइरल इन्फेक्सनजस्तो नभएको हुँदा हालसम्म झापामा कुनै जटिल समस्यासमेत नआएको जानकारी दिए । डा. ढकालले भने- छाला रोगको विशेषज्ञ भएर सेवा दिएको १७ वर्ष भयो, प्रत्येक वर्ष यो समस्या देखा पर्छ । विगतमा भन्दा अलि बढी यसपाली देखिएको हो । यो डरलाग्दो र भयानक रोग भने होइन । हामी यसलाई पेडेरस डर्माटाइटिस भन्छौं- उनले भने- यो नाइरोबी फ्लाई नामक किराले नटोके पनि मानिसको शरीरमा लत्पतिएपछि निस्कने पिपका कारण पनि आउँछ । देख्नेबित्तिकै सफा पानीले धोएमा कुनै एलर्जी पनि हुँदैन । डा. ढकालले किराले सङ्क्रमण गराइहालेमा पनि नआत्तिने र बढी चिलाए वा पोलेमा नजिकको स्वास्थ्यचौकी वा छाला रोग विशेषज्ञलाई तुरुन्त देखाउन आग्रह गरे ।

उनले विगतमा भन्दा मानिसमा स्वास्थ्यको चेतना स्तरवृद्धि भए पनि सामाजिक सञ्जाल प्रयोगकर्ता बढेका कारण सानो समस्या देखिनेबित्तिकै

*(बाँकी अन्तिम पृष्ठमा)*

**कर्मचारी आवश्यकता**

झापाको बिर्तामोडस्थित एक काठ मिलमा कर्मचारी अर्जेन्ट आवश्यक परेकोले तु–सम्पर्क सम्पर्क गर्नुहोला ।

नोटः भ्याट सम्बन्धी ज्ञान भएको, काठको अक्सन खुल्दा टेन्डर भर्न जान्ने , काठ चिरान हुँदा हिसाब राख्न जान्ने, सवारी चालक अनुमति पत्र भएको हुनुपर्नेछ ।

तलबः आपसी समझदारीमा ।

**सम्पर्कः ९८५२६७३९२५, ९८०७९१५०१५**

श्रीलङ्का सङ्कट

## राष्ट्रपतिले निवास छाडे

**काठमाडौं, असार २५।** श्रीलङ्काको राजधानी कोलम्बोमा हजारौँ प्रदर्शनकारीहरू राष्ट्रपति गोटाबय राजपक्षको सरकारी निवास र त्यस आसपासका भवनहरूमा प्रवेश गरेका छन् । समाचारहरूमा राष्ट्रपतिलाई सुरक्षित स्थानमा लगिएको भनिएको छ ।

यसैबीच सर्वदलीय सरकार गठनका लागि मार्गप्रशस्त गर्ने गरी प्रधानमन्त्री रनिल विक्रमासिङ्ग राजीनामा गर्न सहमत भएको उनको कार्यालयले जनाएको छ । पछिल्ला विवरण अनुसार प्रदर्शनकारीहरू प्रधानमन्त्रीको सरकारी निवासमा समेत प्रवेश गरेका छन् ।

दशकौं यता श्रीलङ्काले भोगिरहेको खराब आर्थिक सङ्कटलाई राष्ट्रपतिले सही ढङ्गले सम्बोधन नगरेको भन्दै आक्रोशित प्रदर्शनकारीको भीडलाई सम्हाल्न सुरक्षा निकायलाई धौ-धौ परेको समाचारहरूमा जनाइएको छ ।

कोलम्बोको सरकारी क्षेत्र प्रवेश गर्ने क्रममा आन्दोलनकारीहरूले राष्ट्रपतिको राजीनामा माग्दै ‘गोटा गो होम’ नारा लगाएका थिए । एक जना वरिष्ठ रक्षा अधिकारीले एएफपी समाचार संस्थासँग भनेका छन्- राष्ट्रपतिलाई सुरक्षित

*(बाँकी अन्तिम पृष्ठमा)*

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३–५९०१६६,**
**दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र**
**अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**
***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।***

**यौन तथा प्रजनन् रोगका विरामीहरूका लागि खुशीको खबर**

**यही असार २९ गते मंगलवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।**

**हाम्रा सेवाहरुः** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको
घर, बिर्तामोड, झापा (०२३–५४४५३८, मो. ९८४२७५७६०४)

## सन्थाल समुदायको पहिचान सरकारको ध्यानाकर्षण

**बिर्तामोड, असार २५।** नेकपा (एकीकृत समाजवादी) झापाले बिर्तामोडस्थित कार्यालयमा शनिवार सम्पन्न बैठकले गरेका निर्णयहरु विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ ।

सो बिज्ञप्तिमा तराईका जिल्लाहरुमा बसोबास गर्ने सीमान्तकृत सन्थाल/सन्ताल समुदायको पहिचान र अस्तित्वलाई बचाउन 'सतार' शब्दलाई सरकारी रेकर्ड तथा दस्तावेज र चलनचल्तीबाट हटाउन सरकारको ध्यानाकर्षण गराएको छ ।

झापा, मोरङ र सुनसरीमा बसोबास गर्ने सन्थाल/सन्ताल समुदायको भावनामा ठेस पुग्ने गरी 'सतार' शब्द प्रयोग भइरहेको र आगामी दिनमा सन्थाल/सन्ताल लेख्ने व्यवस्था मिलाउन एकीकृत समाजवादी झापा जिल्ला कमिटीले सरकारको ध्यानाकर्षण गराएको हो । पार्टी जिल्ला अध्यक्ष बेदराज रेग्मी र सचिव बिपी भट्टराईद्वारा जारी बिज्ञप्तिमा सन्थाल/सन्ताल समुदायको शैक्षिक, आर्थिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा स्थापित गराउन आवश्यक नीतिगत कार्यक्रम र योजनाहरु ल्याउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

तराईका जिल्लामा बसोबास गर्ने सन्थाल/सन्ताल समुदायको अवस्था अहिले पनि कमजोर रहेको र उनीहरु सीमान्तकृत अवस्थामा पुगेको भन्दै एकीकृत समाजवादी झापाले स्थानीय, प्रदेश र संघीय सरकारको ध्यानाकर्षण गराएको हो । त्यस्तै, बिर्तामोडस्थित पार्टी जिल्ला कार्यालयमा पुस्तकालय स्थापना गर्न पुस्तक सङ्कलन अभियान सञ्चालन गरिएको समेत प्रेस बिज्ञप्तिमा उल्लेख छ । पार्टी कार्यालयमा आगन्तुकहरुका लागि र पठन संस्कृतिको बिकास गर्न पुस्तकालय स्थापना गरिने बताइएको छ । पुस्तकालय निर्माणका लागि सवै सदस्यहरु र अन्य इच्छुकहरुले पनि पुस्तक संकलन गर्न सकिने विज्ञप्तिमा जनाइएको छ । साथै, जन्मदिन वा अन्य उत्सवको अवसर पारेर समेत पुस्तकालयमा पुस्तक सङ्कलन गर्न सकिने पार्टी जिल्ला सचिव भट्टराईले बताए ।

जिल्ला अध्यक्ष रेग्मीको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो । बैठकमा केन्द्रीय सदस्य शारदा शर्मा घिमिरे, नीलमणि बराल, केन्द्रीय सल्लाहकार तथा बरिष्ठ साहित्यकार पुण्य खरेल लगायतको उपस्थिति रहेको प्रचार बिभाग प्रमुख तथा समाजवादी प्रेस संगठन प्रदेश १का इञ्चार्ज तीर्थ सिग्देलले जानकारी दिए ।

# ग्रामीण भेगमा सर्पदंशको उपचार पाउनै मुस्किल

**भोजपुर, असार २५।** जिल्लामा सर्पदंशका बिरामीले उपचार पाउन मुस्किल पर्ने गरेको छ ।

विशेष गरेर ग्रामीण भेगका मानिस उपचारबाट बञ्चित हुने गरेका छन् । सर्पको टोकाइजस्तो संवेदनशील घटनामा समयमै उपचार नपाउँदा कतिपयको ज्यान जाने गरेको छ भने कतिपयको अङ्गभङ्ग समेत हुने गरेको छ । सर्पले टोकेमा तत्काल उपचार गराउनुपर्छ ।

यहाँ स्वास्थ्यचौकी पुग्नलाई घण्टौं हिँड्नुपर्ने अवस्था छ । ग्रामीण भेगका अधिकांश सडक बन्द भएकाले एम्बुलेन्स तथा यातायात सेवा पूर्णरुपमा बन्द छ । स्टेचर तथा डोकामा बोकेर बिरामीलाई अस्पतालसम्म पुऱ्याउनुपर्ने बाध्यता हुँदा समयमा उपचार नपाएर ज्यान जाने पनि गरेको पाइन्छ ।

प्रायः ग्रामीण भेगका जनता सडक बिग्रेका कारण र समयमै सदरमुकामका अस्पताल पुग्न नसकदा उपचार गर्न उनीहरुलाई समस्या हुनाका साथै अन्य ठाउँका सुविधा सम्पन्न अस्पताल जान कठिन हुँदै आएको छ । यस्तो अवस्थामा सर्पको टोकाइको उपचार तथा अन्य सामान्य सेवाबाट उनीहरु बञ्चित हुँदै आएका छन् भने समयमै उपचार नपाएका कारण कतिपयले अकालमा ज्यान गुमाएका घटना पनि छन् ।

सर्पको टोकाइको सामान्य उपचार मात्र जिल्ला अस्पतालमा गर्न सकिने भोजपुर जिल्ला अस्पतालका प्रमुख वीरेन्द्र दास बताउँछन् । धेरै विषालु पर्सले टोकेर रक्तनली नै खराब हुने खालका जटिल अवस्थामा भने बाहिर नै रिफर गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । प्रमुख दास भन्छन्- जिल्ला अस्पतालमा सामान्य खालको टोकाइको प्राथमिक उपचार हुन्छ । जटिल अवस्थाको यहाँ उपचार सम्भव छैन । त्यस्ता बिरामी आएमा प्राथमिक उपचारपश्चात् बाहिर रिफर गर्छौं ।

सर्पको डसाइको स्वास्थ्य उपचारलाई सहज बनाउनुपर्ने स्थानीयवासीको माग छ । भोजपुरको टेम्केमैयुङ गाउँपालिका निवासी एकराज विष्ट भन्छन्- यो समयमा ग्रामीण भेगमा धेरै समस्या छन् । खेतबारीमा काम गर्नै पऱ्यो । काम गर्ने क्रममा ख्याल नगर्दा पनि सर्पले टोक्ने सम्भावना बढी हुन्छ तर यसको उपचार पाउन मुस्किल छ । हाम्रो यो ठाउँबाट सामान्य स्वास्थ्य सेवा लिनका लागि त तीनदेखि चार घण्टा हिँडेर स्वास्थ्यचौकी जानुपर्ने अवस्था छ ।

नेपालमा करिब ८९ प्रजातिका सर्प पाइएको तथ्याङ्क छ । तीमध्ये करिब १७ प्रजातिका सर्प खतरनाक मानिन्छ । विज्ञका अनुसार सर्पको विषलाई सामान्यतः चार वर्गमा बाँडिन्छ । पहिलो वर्गअन्तर्गतको साइटोटाक्सिनले स्थानीय तन्तु (टिस्यु) लाई क्षतिग्रस्त पार्छ । यस्तै हिमोटाक्सिनले गर्दा आन्तरिक रक्तश्राव हुन्छ । विषमा रहेको न्युरोटाक्सिनले स्नायुलाई क्षतिग्रस्त बनाउँछ र कार्डियोटक्सिनले सिधा मुटुमा असर पार्नाका साथै शरीरको आन्तरिक रक्तश्राव भएर बिरामीको मृत्यु हुन्छ ।

केही हदसम्म सावधानी अपनाउन सके सर्पको टोकाइबाट जोगिन सकिने विज्ञहरुले बताका छन् । सर्पको टोकाइको सिकार बढी किसाननै हुने गरेका छन् । त्यसपछि बालबालिका र वृद्धवृद्धा पनि सर्पको टोकाइमा पर्दै आएका छन् । सर्पदंशको उपचारका लागि राज्यले पनि लगानी गर्नुपर्नेमा स्थानीयवासीले जोड दिएका छन् । केन्द्र, प्रदेश तथा स्थानीय सरकारले टोल बस्तीमा सर्पसम्बन्धी सचेतनााका कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको उनीहरुको भनाइ छ । स्थानीयस्तरमा सचेतना जगाउन सकियो भने र सर्प पक्रनका लागि तालिम प्राप्त मानिस उत्पादन भएमा धेरै सहजता हुने देखिन्छ । सर्प सङ्कलन गरिसकेपछि त्यसबाट विभिन्न तत्व सङ्कलन गरेर सर्पदंशको उपचारमा प्रयोग गरिन्छ ।

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ अनुसार करिब ६०० प्रजातिका सर्प विषालु हुने र त्यस्ता सर्पको ५० देखि ७० प्रतिशतसम्मको टोकाइ विषालु हुने गरेको छ । विषालु सर्पले डसेपछि उपयुक्त एन्टिभेनमसँगै तुरुन्त चिकित्सा सेवा लिनु आवश्यक हुन्छ । असारदेखि साउन, भदौ, असोजसम्म सर्पको टोकाइ सबैभन्दा बढी हुन्छ । मुलुकमा सबैभन्दा बढी गोमन र करेतको टोकाइ हुने गरेको स्वास्थ्यकर्मीले बताउने गरेका छन् । करेतले धेरैजसो राति सुतेका बेला थाहै नहुने गरी डस्ने गर्छ ।

गोमनले सामान्यतः दिउँसो कामको समय वा साँझ बिहान डस्ने गर्छ । गाउँघरमा हतारमा सर्पले टोकेको ठाउँमा चिरेर रगत बगाउने, डोरीले बाँध्ने चलन अझै पनि छ । तर यो उपयुक्त विधि होइन । यस्तो अवस्थामा टोकिएको घाउलाई सुरक्षित गर्दै जतिसक्दो अस्पताल जानु उपयुक्त हुने चिकित्सकको सल्लाह छ । सर्पले टोकेपछि कतिपय गाउँघरका मानिस अझै पनि धाँमीझाँक्रीको खोजीमा समय बिताउने गर्दा उपचारमा विलम्ब हुँदा मानिसको अकालमा मृत्युसमेत हुने गरेको उनीहरुको भनाइ छ ।

## खाद्य सामग्री बरामद

**बिराटनगर, असार २५।** मोरङको बिराटनगर महानगरपालिका-६बाट भन्सार छली अवैधरुपमा भण्डारण गरेको खाद्य सामग्रीहरु प्रहरीले बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा १ नम्बर प्रदेश प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले बिराटनगर-६ मा रहेको बिनोद केसरीको गोदाममा भन्सार छली चोरी पैठारी गरी भण्डारण गरेको चिनी ४७ बोरा, मटर ३२ बोरा, छोकडा ५ बोरा, पानीपुरी १० कार्टुन, रसगुल्ला ४ कार्टुन समेत गरी अन्दाजी २ लाख ३० हजार मूल्य बरावरको समान बरामद गरेको हो । बरामद गरिएका खाद्य सामग्रीहरु जिल्ला प्रहरी कार्यालय मोरङमा राखिएको साथै अन्य थप अनुसन्धान भइरहेको छ ।

## फरार प्रतिवादी पक्राउ

**विराटनगर, असार २५।** मानब बेचबिखन तथा ओसारपसार मुद्दाका फरार प्रतिवादी दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सुन्दरहरैंचा नगरपालिका-९ बस्ने ३० बर्षीय सुमन श्रेष्ठ र वडा नं. १० बस्ने २३ बर्षीया झक्कु उराव रहेका छन् । १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई खोजतलास गर्दै जाँदा गाउँघरमा नै लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । उनीहरुलाई सुनसरी जिल्ला अदालतमा दाखिला गरेकोमा अदालतले कैद भुक्तानको लागि झुम्का कारागार पठाएको छ ।

पक्राउ परेका सुमनको मानब बेचबिखन तथा ओसारपसार मुद्दामा सुनसरी जिल्ला अदालतको मिति २०७६।१०।२९ गतेको सजाय निर्धारण फैसला आदेशले लगत नं. ९४३७ मा क्रमशः ५ बर्ष ८ महिना २९ दिन कैद भुक्तान गर्न बाँकी रहेको थियो भने झक्कु उरावको १ बर्ष ८ महिना १९ दिन कैद भुक्तान गर्न बाँकी रही फरार रहेका थिए ।

### नाइरोबी ...

बढी आत्तिने गरेको बताए ।

प्रायःजसो वर्षायाममा देखिने उक्त किरा अहिले पनि देखिन थालेको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ । अहिले नेपालको पूर्वी भेग तथा पश्चिमको कञ्चनपुरमा उक्त जातको किरा देखिएको महाशाखाको किटजन्य शाखा प्रमुख डा. गोकर्ण दाहालले जानकारी दिए ।

काठमाडौंको सिभिल अस्पतालमा उक्त किराका कारण सङ्क्रमित भएका दुई जनाको उपचार गरिएको छ । उनका अनुसार गत वर्ष पनि उक्त किराको सङ्क्रमणका कारण तीन/चार बिरामी भेटिएका थिए । अहिले पनि नाइरोबी फ्लाई किरा देखिन थालेको छ । किरा बाहिरी मुलुकबाट नआइ यहीं उत्पादन हुने गर्दछ- दाहालले भने- किराले लामखुट्टे जस्तो सङ्क्रमण एउटा व्यक्तिबाट अर्को व्यक्तिमा सार्दैन । जनस्वास्थ्यमा ठूलोरुपमा यो किराले सङ्क्रमण ल्याउँदैन ।

मानिसको शरीरमा आएर बस्ने र मानिसले किरालाई हातले फाल्दा किरामा थिचिन गई रस निस्कन्छ । उक्त रसमा रहेको पेडेरिन तत्व एसिडले छालामा सङ्क्रमण गराउँदछ । उनी किरालाई शरीरबाट सजिलै फाल्नसक्ने हो भने सङ्क्रमण नहुने बताउँछन् । किरालाई सजिलैसँग शरीरबाट फाल्न सक्यो भने सङ्क्रमण हुँदैन- दाहालले भने- किरा नरम भएकाले शरीरबाट फाल्दा थिचिने गर्दछ र यसरी थिचिँदा किराबाट एसिड निस्कन्छ । जुन एसिडले शरीरलाई हानी गर्दछ ।

एसिड छालामा लागेपछि २४ घण्टाभित्रमा छाला रातो हुने, बिबिरा आउने, जनैखटिरा आउने, चिलाउने जस्ता लक्षण देखिने महाशाखाको किटजन्य शाखा प्रमुख डा. दाहालले बताए । लक्षण देखिएपछि धेरै मानिस आफैं सञ्चो भएर जान्छन्- उनले भने- सञ्चो नभएकाले नजिकैको स्वास्थ्य संस्थामा उपचारका लागि जानु पर्दछ ।

प्रायः जसो सडेगलेका खानेकुरा, मरेको जनावर र फोहरमैला भएको ठाउँमा उक्त किरा देखिने र प्रजनन गराउने गर्दछ । किराबाट हुने सङ्क्रमणबाट पेडेरस डर्माटिटिइज जस्तो रोग लाग्ने गरेको उनी बताउँछन् । किराको सङ्क्रमणबाट देखिने रोगबारे छाला रोगका विशेषज्ञ र किरा विज्ञसँग छलफल गर्ने तयारी भइरहेको दाहालले बताए ।

## किसानलाई बोका वितरण

**झापा, असार २५।** झापाको बिर्तामोड-२स्थित सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले बाख्रा पालन समूहलाई नश्ल सुधारका लागि दुई वटा वोयर बोका वितरण गरेको छ ।

साकोसले शिवसताक्षी वडा नं. १०स्थित दोमुखा सहारा बाख्रापालन समूहलाई ८५ हजार र विर्तामोड-७ स्थित चेतना बाख्रा, कुखुरा, बंगुर पालन समूहलाई ७३ हजार रुपैयाँ मूल्यको बोयर बोका बितरण गरेको हो ।

साकोसका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीद्धारा संस्थाको आगामी कार्यक्रम अन्तर्गत १० हजार कृषि उद्यमी सदस्य बनाउने लक्ष्य अनुसार आफ्ना शेयर सदस्यका दुई वटा बाख्रा पालन समूहलाई नश्ल सुधारका लागि बोका बितरण गरेको सहारा नेपालका राजु गिरीले जानकारी दिए ।

शिवसताक्षी-१०का वडाअध्यक्ष हर्क शिवूको अध्यक्षता तथा सहारा नेपाल साकोसको दूधे शाखाकी प्रमुख मेनुका शिवाकोटीको उस्थितिमा दोमुखा सहारा बाख्रा पालन समूहलाई प्रदान गरिएको हो भने विर्तामोड-७ स्थित चेतना बाख्रा, कुखुरा, बंगुर पालन समूहकी अध्यक्ष शशिकला बरालको अध्यक्षता तथा सहारा नेपाल साकोस बुट्टाबारी शाखा प्रमुख खगेन्द्र निरौलाको उपस्थितिमा बोयर बोका वितरण गरिएको हो ।

कार्यक्रम व्यवस्थापन तथा हस्तान्तरण कार्यक्रममा सहारा नेपाल साकोसका एग्रो विजनेस यूनिटका प्रमुख डा. कमलेश्वर भाटले वोयर बोका हस्तान्तरण गर्दै बाख्रा पालनमा नश्ल सुधार आवश्यकता, महत्वका बारे प्रस्ट पारेका थिए । उनले आगामी दिनमा सहारा नेपाल साकोसले व्यवसायिक कृषि तथा उद्यमीहरुलाई संस्थाले निन्तर रुपमा पशुपालनमा प्राविधिक ज्ञान उपलब्ध गराउँदै आत्मनिर्भर बनाउने कुरालाई जोड दिएका थिए ।

कार्यक्रममा एग्रो विजनेस युनिटका प्रविन कोइराला, श्रृजना आचार्य, बिनोद दाहालको समेत उपस्थित रहेको थियो । कार्यक्रमको सञ्चालन सहारा नेपाल एग्रो विजनेस युनिटका कृषि कार्यक्रम संयोजक राजेन्द्र खरेलले गरेका थिए ।

## गरामनी स्वास्थ्य चौकी प्रथम

**बिर्तामोड, असार २५।** बिर्तामोड-८मा रहेको गरामनी स्वास्थ्य चौकी स्वास्थ्य सूचाङ्कहरुको मूल्याङ्कनका आधारमा पहिलो भएको छ ।

स्वास्थ्य शाखाले शनिबार आयोजना गरेको आर्थिक वर्ष २०७८/०७९को स्वास्थ्यतर्फको वार्षिक समीक्षा कार्यक्रममा प्रस्तुत गरेको प्रगति तथ्याङ्कका आधारमा गरामनी स्वास्थ्य चौकी पहिलो भएको हो । मूल्याङ्कनमा वडा नम्बर १०को सैनिकबजार आधारभूत स्वास्थ्य चौकी दोश्रो र वडा नम्बर ३मा रहेको अनारमनी नगरअस्पताल तेश्रो भएका छन् । बिजेता स्वास्थ्य संस्थाका प्रमुख तथा सम्बन्धित वडाका वडाध्यक्षहरुलाई कार्यक्रमकी प्रमुख अतिथि नगरप्रमुख पवित्रा महतारा प्रसाईले प्रमाण-पत्र प्रदान गरकी थिइन् ।

सोही कार्यक्रमकाबीच महिला, बालबालिकाको स्वास्थ्य अवस्थालाई प्रबर्द्धन गर्न, स्वास्थ्य सेवालाई समुदाय स्तरसम्म स्थापित गर्न र सामाजिक सेवाका विभिन्न क्रियाकलापहरुमा स्वयम्सेवकको रुपमा महत्वपूर्ण योगदान पुऱ्याउने वडा नम्बर २की शान्ता लिम्बू, वडा नम्बर ४की रेणुका उप्रेती र वडा नम्बर ९की विष्णुमाया श्रेष्ठलाई सम्मान गरिएको थियो । उनीहरुलाई ५ हजार रुपैयाँ नगदसहित सम्मान-पत्र प्रदान गरिएको हो । यस्तै सम्मानित हुनेहरुमा आमा समूह पनि रहेका छन् । वडा नम्बर १को जागृति, ५को इन्द्रेणी र ७को बिरान आमा समूह रहेका छन् । उनीहरुले सम्मान-पत्रसहित ५ हजार रुपैयाँ मूल्य बराबरको जिन्सी सामग्री प्राप्त गरेका थिए ।

कार्यक्रममा बोल्दै नगरप्रमुख प्रसाईले स्वास्थ्य पहिलो प्राथमिकतामा रहेकोले जनताले पाउने सुविधाबाट बञ्चित गर्न नहुने बताइन् । कार्यक्रममा वडा नम्बर १का वडाध्यक्ष अग्निप्रसाद पाण्डे, वडा नम्बर ७का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा, स्वास्थ्य कार्यालय झापाका प्रमुख योगराज घिमिरे लगायतले बोलेका थिए ।

वार्षिक समीक्षा कार्यक्रममा नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, वडा नम्बर ३का वडाध्यक्ष मदन बुढाथोकी, वडा नम्बर ४का वडाध्यक्ष राहुलकुमार शर्मा, वडा नम्बर १०का वडाध्यक्ष दुर्योधन गुरुङ, स्वास्थ्य कार्यालय झापाका तथ्याङ्क अधिकृत चूणामणि लुइँटेलको पनि सहभागिता रहेको थियो । स्वास्थ्य शाखा प्रमुख राजीव विष्टको अध्यक्षतामा आयोजित कार्यक्रमको सञ्चालन सिअहेब अधिकृत दीपक सापकोटाले गरेका थिए ।

### राष्ट्रपतिले ...

रूपमा बाहिर लगिएको छ । उनी अझै पनि देशका राष्ट्रपति हुन् । उनलाई सेनाको युनिटले सुरक्षा दिइरहेको छ । यसअघि राजधानी कोलम्बोमा जम्मा भएको ठूलो भीडलाई तितरबितर पार्न प्रहरीले अश्रुग्यास प्रहार गरेको थियो ।

प्रदर्शनकारीहरूले राष्ट्रपतिको राजीनामा माग गरिरहेका छन् । देशका विभिन्न भागबाट प्रदर्शनमा भाग लिन सयौं मानिसहरू कोलम्बो आएका थिए । सरकारले कर्फ्यू लगाउने भने पनि पछि त्यसलाई फिर्ता लिएको थियो । त्यहाँ हजारौं प्रहरी र सैनिकहरू परिचालन गरिएका छन् ।

श्रीलङ्काले अहिले खाद्यान्न, इन्धन र औषधिको चरम अभावको सामना गरिरहेको छ । प्रहरी अवरोध पार गर्दै राष्ट्रपति गोटाबयको सरकारी निवासतर्फ प्रदर्शनकारीहरू अघि बढ्न खोजेपछि तनाव उत्पन्न भएको थियो । केही प्रदर्शनकारीहरू राष्ट्रपति भवनको पर्खालमा चढेर भित्र प्रवेश गरेका थिए । प्रदर्शन भइरहेका क्षेत्रमा सैनिकहरू खटाइएका छन् ।

प्रहरीले भीड तितरबितर गर्न हावामा गोली चलाएको थियो। भिडिओ फूटेजहरूमा कैयौं घाइतेहरूलाई अस्पताल लैजाँदै गरेको देखिन्छ । आर्थिक सङ्कट र इन्धन अभावका माझ राष्ट्रपति गोटाबय र प्रधानमन्त्री रनिल विक्रमसिङ्घ विरूद्धका प्रदर्शनहरू चर्कंदै गएका छन् । सरकारबिरुद्धको एउटा ठूलो प्रदर्शन शनिवारका लागि आह्वान गरिएको थियो। त्यसमा विपक्षी दलहरू, ट्रेड युनियनहरू, विद्यार्थी र कृषि सङ्गठनका प्रतिनिधिहरूले सहभागिता जनाएका थिए ।

शुक्रवारदेखि नै देशभरबाट कैयौं विद्यार्थी सङ्गठनका प्रतिनिधिहरू कोलम्बो आएका थिए । शनिवार पनि ठूलो सङ्ख्यामा सवारी साधनहरू कोलम्बोमा प्रवेश गरेको देखिएको थियो ।

**श्रीलंा संकटको कारण के हो ?**

महामारी, बढ्दो ऊर्जा मूल्य अनि लोकप्रियतावादी कर छूटजस्ता कारणहरूले गर्दा श्रीलङ्काको अर्थतन्त्र सङ्कटमा परेको देखिन्छ । विदेशी मुद्राको निरन्तर अभाव तथा आकाशिएको महंगीले त्यहाँ औषधि, इन्धन तथा अत्यावश्यक वस्तुहरूको चरम अभाव भइरहेको छ । पछिल्ला साताहरूमा त्यहाँ ठूल्ठूला प्रदर्शनहरू भए । राष्ट्रपति गोटबय राजपक्ष तथा उनका परिवारविरुद्ध लक्षित प्रदर्शनहरू कहिलेकाहीँ हिंसात्मक पनि भए ।

सात दशकभन्दा लामो अवधिमा देखा परेको सबैभन्दा नराम्रो आर्थिक सङ्कट समाधान गर्ने राजपक्षका प्रयासहरू सफल हुन सकेका छैनन् । उनले भारत र चीनसँग आर्थिक सहयोग लिएर इन्धन, विद्युत्, खाद्यान्न र अन्य अत्यावश्यक सामानको अभाव हुन नदिने प्रयास गरेका थिए ।

आइतवार ऊर्जामन्त्री कञ्चन विजेशेकरले नियमित मागअनुसार वितरण गर्ने हो भने देशमा भएको पेट्रोल एक दिनलाई पनि नपुग्ने बताएका थिए । इन्धन तेल जोगाउने उद्देश्यले गत साता सरकारले अत्यावश्यक सेवाका बाहेक अन्य सवारीसाधनलाई पेट्रोल र डिजल बेच्न रोक लगाएको थियो । कोभिड महामारी र आर्थिक अव्यवस्थाका कारण श्रीलङ्काको विदेशी मुद्राको सञ्चिति घटेको थियो । विदेशी मुद्रा नहुँदा विदेशबाट सामान आयात गर्न पनि समस्या उत्पन्न भएको हो । तीस दिनको थप समय पाएको भए पनि गत मे महिनामा पहिलोपटक श्रीलङ्का ऋण तिर्न बिफल भएको थियो ।

देशलाई आर्थिक सङ्कटबाट उद्धार गर्न अहिले श्रीलङ्का सरकार र अन्तर्राष्ट्रिय मुद्राकोष आईएमएफबीच तीन अर्ब पाउन्ड सहयोग उपलब्ध गराउने विषयमा वार्ता भइरहेको छ । इन्धन र अन्य वस्तुको आपूर्ति सहज नभएकाले अहिले महंगी चुलिएको छ । बिहीवार श्रीलङ्काको केन्द्रीय ब्याङ्कले आधारभूत ब्याजदर एक प्रतिशतले वृद्धि गरिदिएको छ ।

ब्याङ्कले दिने ऋणको ब्याजदर १५.५ प्रतिशत पुगेको छ भने निक्षेपका लागि १४.५ प्रतिशत ब्याज तोकिएको छ । यो २१ वर्षकै सर्वाधिक ब्याजदर हो । वार्षिक मुद्रास्फीति अहिलेसम्मकै उच्च देखिएको छ । खाद्यपदार्थको मूल्य ८० प्रतिशतले बढ्दा मुद्रास्फीति ५४.६ प्रतिशत पुगेको छ । सयौं प्रदर्शनकारीहरूले कोलम्बोस्थित संसद् भवनबाहिर बुधवार भेला भएर राजपक्ष सरकार हटाउने अन्तिम प्रयास भन्दै प्रदर्शन गरेका थिए ।

### सहाराको ...

कार्यवाहक अध्यक्षका रुपमा काम गरेका थिए ।

त्यस्तै महिला उपाध्यक्षमा पवित्रा लिम्बू, प्रथम उपाध्यक्षमा छविलाल खतिवडा, द्वितीय उपाध्यक्षमा ज्ञानुनाथ मैनाली, कोषाध्यक्षमा डम्वरबहादुर देउजा र सहकोषाध्यक्षमा नेत्रबहादुर नेपाल चयन भएका छन् । सदस्यमा शंकरप्रसाद रिजाल, पार्वता गिरी, बिन्दु श्रेष्ठ, भीमबहादुर खवास, भोला धिताल, लक्ष्मीप्रसाद आचार्य, नर्वदा संग्रौला र गुहेश्वरी कार्की छन् । सहारामा लेखा सुपरीवेक्षण समितिको संयोजकमा उपेन्द्रप्रसाद ओली, सदस्यमा पर्शुराम कठेत र शंकर सुवेदी छन् ।

कार्यक्रममा निर्वाचन समिति संयोजक खगेन्द्र खरेलले नवनिर्वाचित पदाधिकारीको नाम घोषणा गरेका थिए । संस्थाका कार्यकारी निर्देशक महेन्द्र गिरीले स्वागत गरेको कार्यक्रममा संस्थाको प्रगति कार्यवहाक अध्यक्ष हरि निरौलाले प्रस्तुत गरेका थिए । सहारा शिक्षा सदनका विद्यार्थीले विभिन्न प्रस्तुति दिएको कार्यक्रममा नेपाली कांग्रेसका झापा सभापति देउकुमार थेवे, एमाले अध्यक्ष दीपक कार्की, राप्रपाका अध्यक्ष केशव ओझा, जिल्ला सहकारी संघ झापाका अध्यक्ष गणेश ढकाल, बचत संघका घनश्याम अधिकारी लगायतले बालेका थिए । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए ।


**श्री नयाँ श्रीनाथ गण, चारआली ब्यारेक, झापा**

**सूचना ! सूचना !! सूचना !!!**

फोन नं. ०२३-४६०१६

**हालको बढ्दो तापक्रमका कारण तराईका विभिन्न जिल्लाहरुमा विभिन्न प्रकारका विशालु तथा अविसालु सर्पहरुको बिगबिगी रहेको हुँदा सर्पले डसेमा तथा डसाईबाट बच्न निम्न अनुसार गर्न सकिने :-**

**सर्पको डसाइबाट जोगिने उपायहरु**

- घाँस काट्दा घाँस भएको ठाउँलाई लामो भाटाले चलाउने ।
- घर वरपर झ्यास, झार तथा जंगल अथवा जमिनमा परेको प्वाल भए सफा गर्नुका साथै बन्द गर्नुपर्दछ ।
- घरभित्र कुखुरा, हाँस तथा परेवाको खोर नराख्ने ।
- बालबालिकालाई राम्रोसँग हेरविचार गर्ने ।
- मट्टीतेलको प्रयोग तर विषेश सावधानी अपनाउनु पर्ने ।
- जुत्ता लगाउँदा वा झोला बोक्दा राम्रोसँग हेरी प्रयोग गर्ने ।
- सुत्ने बेला राम्रोसँग झुलको प्रयोग गर्ने ।
- रातको समयमा टर्चलाइट बाली हिँड्ने ।
- जुत्ता र मोजाको प्रयोग गर्ने ।

**सर्पले टोकेमा ध्यान दिनुपर्ने कुराहरु**

- सर्पले डस्ने बित्तिकै मानिस मर्दैन ।
- बिरामीलाई सान्त्वना दिने ।
- सर्प मारेको भएसँगै लिएर जाने ।
- टोकेको ठाउँमा क्रेप ब्याण्डेजले बाँध्ने ।
- सर्पले डसेको शका लागेमा तत्काल गाउँघरमा सहजै उपलब्ध हुने सवारीसाधनबाट सक्दो चाँडो सर्पदंश उपचार केन्द्रमा लैजानु पर्दछ ।

**यस गणको पेरिमिटर हाताभित्र सर्पदंश उपचार केन्द्र रहेको हुँदा यदी सर्पले डसेमा वा डसेको शंका लागेमा यथाशीघ्र उपचारका लागि बिरामी ल्याउनु हुन तथा तुरुन्त उक्त केन्द्रको फोन नं. ०२३-४६०१०७ मा सम्पर्क गरी बिरामीको उचित उपचार गराउनु हुन सबैमा जानकारी गराइन्छ ।**



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# नाइरोबी संक्रमण र प्रतिरक्षा

झापामा यतिबेला शरीरका विभिन्न भाग हात, खुट्टा, घाँटी, पिठ्युँ लगायतमा फोका आउने र पोल्ने, चिलाउने समस्या बढ्न थालेको छ । 'डढुवा' घाउ जस्तै यसको खासै उपचार नभएकोले चिकित्सकहरुले 'एन्टिभायरल क्रिम' लगाउन सुझाएका छन् । भर्खरै पहिचान भएको नाइरोबी फ्लाई भनिने यस्तो स्वास्थ्य समस्या क्रमशः पश्चिमतर्फ विस्तार हुँदै गएको समाचार सार्वजनिक भइरहेको छ । नाइरोबी फ्लाई इन्फेक्टा प्रजातिको एउटा जीव हो, जसको शरीरमा कालो र पहेंलो घर्सा हुन्छ । यो किरा हो, जुन मनसुनको समयमा बढी सक्रिय हुन्छ । त्यसमा पनि राति बढी सक्रिय हुने भएकाले यसको संक्रमणबाट जोगिन सचेत रहनुपर्ने डाक्टर गुरु पौडेलले बताएका छन् । झापाको दमक अस्पतालका छाला रोग विशेषज्ञ डा. पौडेलले पनि दमकमा यस्ता संक्रमितहरुको संख्या दिनहुँ बढ्दै गरेको बताएका छन् । उनी रातिको उज्यालोमा बढी सक्रिय हुने यो किराको शरीरमा एसिडयुक्त रसायन हुने र छालाको संसर्गमा आउनासाथ छाला रातो हुने, फोको उठ्ने र पोल्ने लक्षण देखिने बताउँछन् ।

चिकित्सकहरुका अनुसार नाइरोबी किराले शरीरमा छोयो भने तत्काल साबुनपानीले धुनु पर्दछ र तत्काल स्वास्थ्य केन्द्र वा अस्पतालमा जानु पर्दछ । फोका र पोल्ने कम गर्न एन्टिभाइरल क्रिम लगाउनुपर्छ । किराले नछोओस् भन्नका लागि झ्याल, ढोकामा जाली लगाउन, सुत्दा झुल टाँगेर सुत्न र बत्ती बन्द गरेर सुत्न चिकित्सकहरुले सुझाव दिएका छन् । अफ्रिकी मुलुक केन्यामा देखिने गरेको यो संक्रमण भारत, जापात, इजरायल, पाराग्वेमा पनि फैलिन थालेको छ । यो एक प्रकारको किरा हो जसलाई थिच्दा उसको शरीरबाट निसक्ने रसायनयुक्त रसले शरीरमा तत्काल प्रतिक्रिया जनाउँछ र पोल्छ, फोका उठ्छ र घाउ बनिन्छ ।

अहिले झापाको बिर्तामोड, अर्जुनधारा, मेचीनगर, दमक लगायतका क्षेत्रहरुमा नाइरोबी फ्लाईको संक्रमण बढ्न थालेको त्यहाँका औषधि पसलका सञ्चालक र चिकित्सकहरुले बताएका छन् । एउटै पसलमा सयौं बिरामी यही लक्षणका साथ उपचार खोज्न आउन थालेपछि संक्रमणको त्रास बढेको छ । तर, जिल्लास्थित स्वास्थ्य कार्यालय भने नाइरोबी फ्लाईको संक्रमणका सम्बन्ध अनभिज्ञता प्रकट गरेको छ । कार्यालयका तथ्यांक अधिकृत चूडामणि लुइँटेलले झापामा संक्रमणको आधिकारिक पुष्टि भइ नसकेको दाबी गरेका छन् । संक्रमित व्यक्ति स्वास्थ्य कार्यालयको सम्पर्कमा नजाने भएकाले र स्वास्थ्य चौकी, अस्पताल वा क्लिनिकहरुले संक्रमणको पहिचान लक्षण र अवस्थाबाट गरेर उपचार गर्ने कारणले पनि संक्रमितको संख्या उच्च हुने अनुमान गर्न सकिन्छ । यो सामान्य संक्रमण मात्रै हो, असाध्य होइन भनेर चुप लागेर बस्दा त्यसले दिने पीडा अझै बढ्ने भएकाले सचेतता अपनाउनु बुद्धिमानी हुन्छ । त्यसैले भनिएको हो, 'उपचार गरेर जाती हुनुभन्दा रोग लाग्नै नदिनु बुद्धिमानी' हो ।

# फुटपाथे व्यापारी र नगर प्रहरीबीचको तमासा



चिन्तामणि दाहाल

**फुटपाथ र नगर :**

नगर बनेदेखि कै तमासा हो- फुटपाथे व्यापारी र नगर प्रहरीबीच । नगरको विकास र स्थापना प्राचीन कालदेखि नै भएको हो । नगरको इतिहास प्राचीनका मै दर्ज छ । युरोपमा होस वा एसिया अथवा अन्य महादेशहरु ।

सबैमा नगरको विकास भएको प्राचीन इतिहास पाइन्छ । पहिला नगरलाई पुर भनिन्थ्यो । पछिल्लो कालमा पुर नै नगर भयो । पछि शहर भयो । साना सहर बजार भए । नेपालमा पञ्चायत कालमा नगर पञ्चायत भयो । अहिले नगरपालिका भएको छ ।

नगरमा सडक हुन्छन् । केही राम्रा केही चौडा । केही साँघुरा । केही गल्ली । ठूला सडकमा पेटी पनि हुन्छन् । पेटीमा बस्ने, उभिने र हिँड्ने ठाउँ हुन्छ । सडक र पेटी सफा पनि हुन्छन् फोहोर पनि हुन्छन् । फोहोर गर्नेमा सडकमा हिँडने नगरबासी पनि हुन्छन् । गाउँबासी पनि हुन्छन् । पेटीलाई अंग्रेजी भाषामा फुटपाथ भन्छन् ।

**फुटपाथे व्यापारी र नगर प्रहरी**

नगरबासीहरु सफासुग्घरी हुन्छन्, सभ्य हुन्छन्, उनीहरु नागरिक हुन्, गाउँबासीभन्दा सुपर हुन्छन् भन्ने गलत कन्सेप्टकै कारण बाहिरबाट वा गाउँबाट आएर गरिखान खोज्ने जो गरीब हुन्छन्, थोरै पैसामा जिविका गरेर नगरमै बसेर नगरको सुविधा लिन चाहन्छन् । उनीहरु आजिविकाका लागि फुटपाथे व्यापारी भए ।

गाउँमा गरिखाने ठाउँ र सुविधा नभएपछि उनीहरु नगरमा अवसर र काम खोज्न आएर फुटपाथमा बस्ने, खाने र प्रायश फुटपाथमै सुत्ने गर्नाले देखावटी सुग्घरी नगरबासीभन्दा अलि फोहरी नै हुने भए । एक त गरीब अर्को केही फोहरी भएकोले नगरबासीले उनीहरुलाई हेप्ने भए । हेयको दृष्टि राख्ने भए । नाक खुम्च्याउने भए । आदि-आदि ।

नगरलाई सफा, सुग्घर बनाइ राख्न र व्यवस्थित बनाउन नगर प्रहरी राखिएको हुन्छ । पहिला यो काम नेपाल प्रहरीले गर्थे । अहिले नेपाल प्रहरीको दरबन्दी कम भएपछि सबै नगरले आ-आफ्नो आवश्यकता र क्षमताका आधारमा नगर प्रहरी राखेका हुन्छन् ।

यी नगर प्रहरीलाई नगरपालिका अहिलेको हकमा नगर प्रमुख अंग्रेजीमा मेयरले (मेयरभन्दा ठूलो होइन्छ भन्ने भएर) जे आदेश दिन्छन् त्यो पालना गर्न प्रयास गर्छन् । तर, केही नगर प्रहरी भने अलि बढी फूर्ति लगाएर विवेकहीन काम पनि गरेर बदनाम भइरहेका छन् भने मेयरको बदनाम पनि गरिरहेका छन् ।

पञ्चायतकालमा प्रधानपञ्च हुन्थे नगरका पनि गाउँका पनि । बहुदल कालमा आएर नगरमा प्रमुख र गाउँमा अध्यक्ष भए । गणतन्त्र कालमा नगरमा प्रमुख र गाउँमा अध्यक्ष नै छन् । नगर पञ्चायत बहुदल आएपछि नगरपालिका भयो । गाउँ पञ्चायत गाउँ विकास समिति अर्थात् गाविस भयो । गणतन्त्र कालमा नगर पालिका नगरपालिका नै रह्यो । गाविस गाउँपालिका भयो ।

अहिले त स्थानीय तह भएपछि स्थानीय सरकार भयो । सिंहदरबारको अधिकार स्थानीय तहमा आयो । नगर प्रमुख र अध्यक्षहरुले आफूलाई प्रधानमन्त्री सरह मान्न थाले । कतिले त भाषणमा आफू नै स्थानीय तहको प्रधानमन्त्री नै पनि भनिरहेका छन् । काम भने साँच्चै भन्ने हो भने एक-दुई छोडेर उल्लेख गर्ने एउटै पनि काम गरेका छैनन् । तर, फूर्ति भने थामिनसक्नु छ । त्यसमाथि मेयरहरुको त फूर्ति नै अर्कै ।

गाउँमा काम छैन । गाउँका सरकार प्रमुखले काम दिन सक्दैनन् । अनि उनीहरु नगरमा कामका लागि र अवसरका लागि नगरमा छिर्छन् । केही त गर्नैपर्ने भएपछि फुटपाथे व्यापारी हुन्छन् । नगरको सरकारले पनि सबैलाई काम दिन सक्दैन । नगरमा बस्ने पनि गरीब हुन्छन् । उनीहरु पनि आजिविकाका लागि फुटपाथे व्यापारी हुन्छन् ।

नगरले सबैलाई काम दिन सक्दैन । गाउँले दिन सक्ने भएन । ठूलो सरकारले झन् काम दिन सक्ने भएन । तर, जनता सबैलाई चाहियो । भोटका लागि पनि चाहियो । आफ्नो दलको संगठन ठूलो बनाउन पनि जनता चाहियो । दललाई पनि जनता चाहियो । स्वतन्त्रलाई पनि जनता नै चाहियो । दल र स्वतन्त्रहरुलाई जनता चाहिएका बेला उनीहरु धनी र गरीब हेर्दैनन् । गाउँबाट आएका वा नगरकै पनि गरीब भनेर हेर्दैनन् । जसरी होस् धेरैभन्दा धेरै समर्थक जनता चाहियो । किनकि भोटमा सबैको समान एक भोट हुन्छ ।

**तमासा :**

तर, चुनिएपछि तिनै दलका नेताहरुले, तिनै स्वतन्त्रहरुले, तिनै जनताका प्रतिनिधिले पहिलो शिकार फुटपाथे व्यापारीलाई बनाउँछन् । जब उनीहरुले तथाकथित चिल्लो कार लिएर हिँड्ने वा बसमा सवार हुने वा ट्याक्सीमा सवार हुनेका लागि अथवा आफ्नै गरिखाने व्यवस्था भएका, जागिरे, धनाढ्य, कोठा भाडामा लिएर प्रशस्त पैसा लगानी गर्ने व्यापारीहरुलाई अप्ठ्यारो पर्छ वा पऱ्यो भनेर फुटपाथमा आफ्नै पसिना बगाएर आजिविका गरिरहेका, छोराछोरीहरु पालिरहेकाहरुलाई लखेट्न थाल्छन् तब तमासा हुन्छ ।

आजिविका गर्नेहरुले बाँच्नका लागि गरेको संघर्ष हुनेखानेका लागि तमासा हुन्छ । त्यो तमासा बनाउने काम नगर प्रहरीले गर्छन् अथवा मेयरहरुले गर्छन् । चाहे ती स्वतन्त्रबाट जितेका हुन् अथवा दलबाट । कम्युनिष्ट जो आफूलाई गरीबको मसिहा ठान्छन् बाट जितेका हुन् वा आफूलाई समाजवादी भनाउँदाहरु वा लोकतन्त्रका पहरेदार ठान्ने दलबाट जितेका हुन् तिनीहरुले पहिलो शिकार हुनेखानेका लागि हुँदा खानेलाई लखेट्न थाल्छन् अनि तमासा हुन्छ ।

हिजो पञ्चायतकालमा भएका नेपाल प्रहरीको कडाई होस वा बहुदलकाल वा अहिलेको गणतन्त्रकालका नगर प्रहरी (मेयर)का सडक सुन्दर बनाउने नाममा आफैं पसिना बगाएर इज्जतको एक गाँस खाने र छोराछोरीलाई एक गाँस खुवाउनका लागि गरिखानेहरुलाई गरिरहेको ज्यादती तमासा भएको हो । तमासा कसले गर्दो रहेछ यसबाट पाठक वर्गले छुट्याउनु हुने नै छ ।

**विकसित देशका फुटपाथ :**

विकसित देश अर्थात् युरोप, अमेरिका, अष्ट्रेलिया, जापान लगायतमा पनि नगर छन् । गाउँ छन् । सडक छन् र फुटपाथ पनि छन् । त्यहाँ पनि गरीब र धनी छन् । माग्ने पनि छन् । फुटपाथे व्यापारी पनि छन् । ती देशमा फुटपाथे व्यापारीलाई व्यापार गर्ने समय तोकिएको हुन्छ भने फुटपाथको अवस्था हेरेर व्यापार गर्ने ठाउँ छुट्याई दिएको हुन्छ ।

फुटपाथको खाना ताजा र सस्तो हुन्छ भनेर हुने खानेहरु नै फुटपाथमा गएर खाना खाइरहेका हुन्छन् भने सामान पनि किनिरहेका हुन्छन् । जब कि कामको अवसर ती देशमा प्रशस्त हुन्छ । अवसर पनि प्रशस्त हुन्छ । तर, सबै जागिर खान मन पराउँदैनन् । पैसा पनि प्रशस्त हुँदैन, तब उनीहरु फुटपाथे व्यापारी भएका हुन्छन् ।

त्यसैगरी लगभग हाम्रै जस्ता देशहरु भारत, बंगलादेश, पाकिस्तान, भुटान आदिमा पनि फुटपाथ छन् । फुटपाथे व्यापारी छन् । ती देशमा नगर पनि छन् । नगर प्रहरी पनि छन् । मेयर पनि छन् । गाउँ पनि छन् । मुखिया पनि छन् । यी देशमध्ये पंक्तिकार भारतकै उदाहरण दिन चाहन्छ । भारत नेपालभन्दा धनी छ । त्यहाँ कामको अवसर पनि बढी छ । तर, गरीब पनि प्रशस्त छन् । सबैलाई नगरले, गाउँले, राज्य सरकारले वा केन्द्र सरकारले काम दिन सक्दैन । तर, सडक दिन सक्छ । फुटपाथ दिन सक्छ ।



त्यसैले भारतले फुटपाथे व्यापारीलाई कमाई खान दिन्छ । उसले भन्छ सबैलाई काम दिन नसकेपछि गरिखान पनि नदिने हो भने तिनैले सरकारविरुद्ध सडकमा काम देउ कि गरिखान देउभन्दा के भन्ने । त्यसकारण केही नागरिक (ठूलो हुँ) हुँ भन्नेहरुका लागि दुःख भयो भनेर यसो केही बाँगो बनाएर गाडी घुमाउनु पऱ्यो भनेर गरिखाइरहेका फुटपाथेहरुलाई लखेटेर तमासा बनाउनु हुँदैन भन्ने भारतीय नेता, प्रशासक र मेयरको धारणा छ । कि कसो !

*chintamanizee@gmail.com*

# स्वास्थ्य तथा पोषण कार्यक्रमको समीक्षा

**पथरीशनिश्चरे, असार २५।** मोरङको पथरीशनिश्चरे नगरपालिका कार्यालयद्वारा सञ्चालित विद्यालय स्वास्थ्य शिक्षा र पोषण कार्यक्रम सम्बन्धी समीक्षा भएको छ ।

सामुदायिक र संस्थागत विद्यालयका स्वास्थ्य विषयका शिक्षकहरुको सहभागिता रहेको कार्यक्रममा पोषण सम्बन्धी कार्यक्रमको बारेमा जानकारी गराइएको थियो ।

नगर प्रमुख मोहनप्रसाद तुम्वापोले उक्त अवसरमा विद्यालयहरुसँगको सहकार्यमा स्वास्थ्यका कार्यक्रमलाई विद्यालयसहित समुदायमा प्रभावकारी बनाइने बताए । शिक्षकहरुले अभिभावकहरुका लागि समेत सचेतनाका गतिविधि गर्नुपर्ने बताए । त्यसप्रकारका कार्यक्रम आयोजना गर्दा स्वास्थ्य शाखाले स्वास्थ्य सम्बन्धीको सहजीकरण कार्यक्रममा सहकार्य गर्ने उल्लेख गरे ।

कार्यक्रममा नगर अस्पतालका डा. कमलकान्त चौधरीले किशोरीहरुका लागि विद्यालयमा खुवाइने गरेको फोलिक एसिड र आइरन चक्कीका बारेमा जानकारी गराएका थिए ।

महिला तथा बालबालिका शाखा प्रमुख गीता कट्टेल र स्वास्थ्य शाखाका एकराज खत्रीले अपाङ्गतारहित स्वस्थ शिशुको जन्मका लागि विवाह गरेपछि कै अवस्थादेखि आवश्यक पोषणमा ध्यान दिनुपर्ने उल्लेख गरे । बाल समूहकी कृतिका भट्टराई, शिक्षक वेदनिधि खनाल लगायतले मन्तव्य राखेका थिए ।

# शिक्षकलाई मनोविमर्श तालिम



**दमक, असार २५।** दमक नगरपालिकामा रहेका विद्यालयका शिक्षकहरुका लागि सञ्चालित मनोविमर्श सम्बन्धी दुई दिने तालिमको समापन गरिएको छ ।

दमकमा रहेका २१ वटा सामुदायिक बिद्यालयका शिक्षकहरु सहभागी तालिमको समापन गरिएको हो । विद्यार्थीहरुमा देखिने मनो सामाजिक समस्याहरुको पहिचान र तिनको समाधानका लागि शिक्षकहरुको जिम्मेवारीको बारेमा तालिममा सहजीकरण गरिएको थियो ।

अष्ट्रेलियन एड तथा द एशिया फाउण्डेशनको सहयोगमा सञ्चालित तालिममा सिविनका प्रशिक्षक इन्दिरा प्रधानले सहजीकरण गरेको द एसिया फाउण्डेशनका प्रदेश नम्बर १ का संयोजक श्याम सापकोटाले जानकारी दिए ।

तालिमको समाप गर्दै नगर प्रमुख राम थापाले बालबालिकाहरुको वास्तविक अभिभावक शिक्षकहरु नै भएकाले शिक्षकहरुले नै उनीहरुको समस्या पहिचान र समाधान गर्न सक्ने बताए । उनले नगरमा विगतको जस्तो परिपाटीमा काम नहुने भन्दै आगामी बर्षदेखि त्यसमा सुधारका परिणामहरु देखिने बताए ।

कार्यक्रममा दमक नगर उपप्रमुख रेगिना भट्टराईले कंक्रिटका भवन र बाटो नै विकासको सूचक हो भन्ने मान्यता स्थापित भएको भन्दै त्यसलाई सुधार गर्नुपर्ने बताइन् । उनले भौतिक निर्माण सँगसँगै सामाजिक र मानव संशाधनका कुराहरुलाई पनि सँगै लैजानुपर्ने बताइन् । उनले नगरपालिकाको पोलेसी मै यस्ता कार्यक्रमहरुलाई समेटेर लैजाने बताइन् ।

कार्यक्रममा सहभागीहरुको तर्फबाट दमक-२ स्थित सरस्वती आधारभूत विद्यालयका शिक्षक लक्ष्मीमाया चौहानले तालिम अत्यन्तै प्रभावकारी भएको बताइन् । आगामी दिनमा अझ बिस्तारित तालिम आवश्यक रहेको बताइन् ।

# दमकमा विपद् व्यवस्थापनको पूर्व तयारी



**दमक, असार २५।** दमक नगरपालिकाले विपद् व्यवस्थापन सम्बन्धी सरोकारवालाहरुसँग छलफल गरेको छ ।

बर्षाद्को समयमा हुने विपद्लाई सही ढंगले व्यवस्थापन गर्न नगर प्रमुख, उपप्रमुख सहितले सरोकारवाला निकायसँग छलफल गरेका हुन् ।

दमक नगर प्रमुख राम थापाको अध्यक्षतामा भएको छलफलमा उपप्रमुख रेगिना भट्टराईले विपद् व्यवस्थापनका लागि सबै नियकायको समन्वय आवश्यक रहेको बताउँदै विपद् न्यूनीकरणका लागि दमकले गरिरहेको तयारीको बारेमा जानकारी गराएकी थिइन् ।

कार्यक्रममा नेपाली सेनाको २१ नम्बर बाहिनीका सेनानी जुद्ध निरौलाले विपद् व्यवस्थापनको लागि विपद् शुरु हुनुभन्दा पहिलेदेखि योजना बनाउनुपर्ने बताए । नेपाली सेना जुनसुकै विपदको व्यवस्थापनमा अग्रपंक्तिमा रहने भन्दै उनले यसका लागि समयमै तयारी शरु गर्नुपर्ने बताए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय दमकका प्रमुख प्रहरी नायव उपरीक्षक दिलीप गिरीले खोला र पैनी मिचेर संरचना निर्माण गर्दा दमक पानीजन्य विपद्को उच्च जोखिममा रहेको बताए । उनले छिमेकी अन्य पालिकाहरुसँग पनि समन्वय गरेर जोखिम नियन्त्रणमा लाग्नुपर्ने बताए ।

त्यस्तै दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शशी राईले रतुवा र मावाको बीचमा रहेको दमक विपद्को उच्च जोखिममा रहेको भन्दै अन्य साना खोल्सा तथा पैनीहरुले पनि दमकमा विपद्को जोखिम बढाएको बताए ।

कार्यक्रममा उद्योग वाणिज्य संघ दमकका वरिष्ठ उपाध्यक्ष गोपाल गुरागाईं, नेपाल रेडक्रस सोसाइटी दमक उपशाखाका तर्फबाट प्रेम भट्टराई लगायतको सहभागिता रहेको थियो ।



**आहा ! फूल** इलामको देउमाई– ३ मा पर्ने नेपालटार मंगलबारे सडकखण्डमा रहेको एक घरको बारदलीमा सजावटका लागि रोपिएको फूल । यहाँका प्रायः सबै घरमा यसैगरी गमलामा बेगुनिया फूल रोप्ने गरिएको छ । *तस्वीर : रासस*

# महिलाको घाँटीबाट सुनको सिक्री लुटेर भाग्दा...

**झापा, असार २५ ।** मेचीनगर नगरपालिका-१० धुलाबारी बजारमा घाँटीमा लगाएको सुनको सिक्री थुती भाग्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बारा जितपुर नगरपालिका-९ बस्ने २० बर्षीय निरज राय रहेका छन् । रायले बजारमा किनमेल गरिरहेकी धुलाबारी-९ बस्ने ५० बर्षीया गीता अधिकारीले घाँटीमा लगाएको डेढ तोलाको सुनको सिक्री थुतेर भागेका थिए ।

घटनाको जानकारी पाए लगतै इलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरी टोलीले तत्कालै सिक्रीसहित रायलाई पक्राउ गर्न सफल भएको हो । पक्राउ परेका रायलाई इलाका प्रहरी कार्यालय धुलाबारीले थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

त्यसैगरी मेचीनगर-६ मेचीपुलबाट एक जनालाई लागूऔषध ब्राउनसुगरसहित पक्राउ गरेको छ । पक्राउपर्नेमा मेचीनगर- ७ नयाँ बसपार्क बस्ने २२ बर्षीया रोजिना आले खड्का



रहेकी छन् ।

लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपाल तर्फ आउँदै गरेकी खड्कालाई लागूऔषध ब्राउनसुगर दुई ग्रामसहित पक्राउ गरिएको हो ।

त्यस्तै मेचीनगर-१ ज्योतीटोल बस्ने ४४ बर्षीय पदमबहादुर दर्जी र २३ बर्षीय चरण लामिछानेलाई लागूऔषध गाँजासहित पक्राउ गरिएको छ ।

प्रहरी चौकी तिरिङखोलाबाट खटिएको प्रहरी टोलीले दर्जीको घरबाट लागूऔषध गाँजा तीन किलोग्राम र गाँजा कारोबार गर्न आएका लामिछानेसहितलाई पक्राउ गरिएको हो ।

# हात्ती आक्रमणबाट पाँच जनाको मृत्यु

**झापा, असार २५ ।** चालू आर्थिक वर्षमा जिल्लामा पाँच जना मान्छेले हात्ती आक्रमणमा परेर ज्यान गुमाएका छन् भने दुईवटा हात्ती मारिएका छन् ।

हात्ती आक्रमणमा परेर ज्यान गुमाउनेमा ज्येष्ठ नागरिक रहेको डिभिजन वन कार्यालयको तथ्याङ्कले देखाएको छ । उनीहरूलाई चिया बगानमा पत्ती टिप्दा, खेतमा पानी लगाउँदै र घाँस काट्दै गर्दा हात्तीले कुल्चेर मारेको डिभिजन वन कार्यालय झापाले जनाएको छ ।

हात्तीबाट मारिनेमा मेचीनगर-९ की ७० वर्षीय पेना किसान, दमक नगरपालिका दमक-३ का ६३ वर्षीय गणेशप्रसाद अधिकारी, मेचीनगर-१३ स्थित चारआली घर भएका ७१ वर्षीय खम्बासिंह कार्की, भद्रपुर नगरपालिका-९ बस्ने ६० वर्षीय रामबहादुर बुर्जा, कनकाई नगरपालिका ७७ वर्षीय कृष्णबहादुर भुजेल रहेको कार्यालयका सहायक वन अधिकृत राजकुमार खत्रीले बताए ।

हात्तीले बिहान, बेलुकाको समयमा आक्रमण गरेर मान्छेलाई मारेको छ । भारतबाट दैनिक हुल बाँधेर आउने हात्ती मध्ये १३ यहीको जङ्गलमा रैथाने भएर बसेका छन् । झापामा चार दशकदेखि मानव र हात्तीबीचको द्वन्द्व निरन्तर छ । हात्तीको आक्रमणबाट हुने गरेको मानवीय क्षति रोकिएको छैन भने हात्ती मारिने क्रम समेत नरोकिएको हात्ती संरक्षणकर्ता शङ्कर लुइँटेलको भनाइ छ ।

बुद्धशान्ति-५ आयाबारीमा करिब आठ वर्ष र अर्जुनधारा-४ दहीझोडा सामुदायिक वनभित्र रहेको खोला किनारमा २५ वर्षको हात्ती यसै हप्ताभित्र मृत भेटिएको सहायक वन अधिकृत खत्रीले जानकारी दिए । अर्जुनधारामा मृत भेटिएको हात्तीको वरिपरि विद्युतीय तारबार भेटिएको हुँदा सो हात्तीलाई स्थानीयबासीले नै करेन्ट लगाएर मारेको हुनसक्ने आशङ्का गरिएको उनको भनाइ छ ।

# ट्रकको ठक्करबाट साइकल यात्रीको मृत्यु



**मोरङ, असार २५ ।** मोरङ बिराटनगर महानगरपालिका-१३ रोड शेषस्थित कोशी राजमार्गमा भारतीय ट्रकको ठक्करबाट साइकल यात्रीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सुनसरी बर्जु गाउँपालिका-२ अमडुवा फारम का ४५ बर्षीय सनेन्दर राय रहेका छन् । उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको डब्लू बी २३ बी ४९६१ नम्बरको ट्रकले सोही दिशातर्फ जाँदै गरेको साइकल यात्रीलाई ठक्कर दिँदा गम्भीर घाइते भएका रायको उपचारका लागि कोशी अस्पताल पुर्‍याउन साथ मृत्यु भएको थियो ।

ट्रक र चालकलाई जिल्ला प्रहरी कार्यालय मोरङले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रदेश १ प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

## आवश्यकता

महिला तथा पुरुष सेक्युरिटी गार्ड
संख्या : १५ जना
सम्पर्क :
इन्टर सर्भ सेक्युरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय बिर्तामोड
फोन नं. : ०२३–५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२४३५३, ९८१४०३६३४४

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240



झट्ट फोन झट्ट सेवा

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## युएई र कुवेतमा रोजगारको अवसर

कम्पनी : QUWAIT FOOD CO. AMERICANA LLC. UAE

पूर्व स्वीकृति मिति: २०७९।०२।३० चलानी नं. ६०१८०९१४ लट नं. २६४९४६

| सि.नं. | पद | संख्या | तलब | खाना/बस्न | काम | ओटी | करार |
|---|---|---|---|---|---|---|---|
| 1. | Waitress | 144 | 1200/-DHS | छ | ८ घण्टा/२६ दिन | कनिअ | २ बर्ष |

कम्पनी : QUWAIT FOOD CO. AMERICANA LLC. KUWAIT

पूर्व स्वीकृति मिति: २०७८।०९।०५ चलानी नं. ६०१७०९०६ लट नं. २५४३६०

| सि.नं. | पद | संख्या | तलब | खाना/बस्न | काम | ओटी | करार |
|---|---|---|---|---|---|---|---|
| 1. | Waitress | 100 | 120/-KD | छ | ८ घण्टा/२६ दिन | कनिअ | २ बर्ष |

नोट : युएइको हकमा उमेर १९ वर्षदेखि ३० वर्षसम्मको हुनुपर्नेछ । कुवेतको हकमा २१ वर्षदेखि ३२ वर्षसम्मको हुनुपर्नेछ । अंग्रेजी राम्रोसँग बोल्न सक्ने हुनुपर्नेछ ।

यसको फाइनल अन्तरवार्ता २०७९ असार २८ गते (12 july) मंगलबार बिर्तामोडको सेन्टर पोइन्टमा हुँदैछ ।

Gov. Lic. No. 712/064/065
VRINDIT SERVICES Pvt. Ltd.
Kupandole, Lalitpur, Phon No. : 9842665853, 9807934609, 98149147111

## असल संस्कार र समृद्धिका लागि एनएमसी


नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
NMC-COOP
कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

## कर्जा बुझाउन आउने बारे सूचना

*प्रकाशित मिति: २०७९/०३/२५*

यस संस्था अन्तर्गत बिर्तामोड सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक–पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल :**

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | जग्गाधनीको नाम | सेवाकेन्द्र | फोटो |
|---|---|---|---|---|---|---|---|---|
| १ | बिमला फुयाल | अर्जुनधारा- ६ | जितबहादुर कार्की | तिलप्रसाद कार्की | तुलसी फुयाल | बिमला फुयाल | बिर्तामोड |  |
| २ | तुलसी फुयाल | अर्जुनधारा- ६ | मोहनलाल फुयाल | अभिनारायण फुयाल | बिमला फुयाल | बिमला फुयाल | बिर्तामोड |  |
| ३ | जितबहादुर कार्की | झापा-७ | बृष ब. कार्की | - | पबित्रा कार्की | पबित्रा कार्की | बिर्तामोड |  |

**– बिर्तामोड सेवाकेन्द्र उपसमिति**



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै बिचार पुर्‍याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यापार-व्यवसायमा लाभको योग छ, अन्य कारणबाट पनि धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुर्‍याउनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** दिन सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुर्‍याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अनावश्यक खर्च हुनाले मन अशान्त रहन्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुर्‍याउनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** दिन शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा बिवचार पुर्‍याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको दिन उत्तमसिद्धी रहेको छ ।